राष्ट्रिय न्यायिक प्रतिष्ठान
तारकेश्वर-१०,मनमैजु,काठमाडौ ।

**परामर्श सेवा खरिद सम्बन्धी सूचना**

फोन नं. ०१-४०२७४४९

**(सूचना प्रकाशित मितिः२०८२/०७/१४)**

राष्ट्रिय न्यायिक प्रतिष्ठान कानून र न्यायका क्षेत्रमा दक्ष जनशक्तिको विकासका लागि समर्पित संस्था हो । यस प्रतिष्ठानको सञ्चालनका लागि कम्प्युटर हार्डवेयर तथा सफ्टवेयर सम्मन्धी मर्मत सम्भार सेवा , टेलिफोन सम्बन्धी मर्मत तथा सम्भार सेवा, एयर कण्डिसन सम्बन्धी मर्मत तथा सम्भार सेवा तथा साउण्ड सिस्टम सम्बन्धी मर्मत सम्भार सेवा (मूल्य अंकित सूचि विवरणमा भएका कामहरु) आ.व. २०८२।८३ को असार मसान्तसम्म सेवा प्रदान गर्न सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ८५ बमोजिम परामर्श सेवा खरीद गर्नु पर्ने भएकाले परामर्श सेवा उपलव्ध गराउन इच्छुक प्रचलित कानून बमोजिम योग्यता पुगेका इजाजत प्राप्त फर्म कम्पनिहरुबाट प्रस्ताव बमोजिम योग्य र देहायका शर्तमा मञ्जुर सेवा प्रदायकले यस सूचना प्रकाशित भएको ७ दिन भित्र के कति सेवा शुल्कमा गर्न सकिने हो आवश्यक कागजात सहित यस प्रतिष्ठानबाट तोकिएको प्रस्ताव पुस्तिका लगि भरि सिलबन्दीका साथ फाराम पेश गर्नुहुन अनुरोध गरिन्छ।

**शर्त तथा बन्देजः**

१. सेवा प्रदायक परामर्शदाता नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भई अद्यावधिक भएको फर्म/कम्पनी दर्ताको प्रमाणपत्र।
२. सेवा प्रदायक परामर्शदाता संस्थाले आ.व २०८०।८१ को कर चुक्ता प्रमाणपत्र, संस्था दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।
३. सेवा प्रदायक परामर्शदाताले हप्ताको तीन दिन र आवश्यक परेको समयमा र अन्य समय कार्यालय समय बाहेक कार्यालयलाई आवश्यक परेका बखत बिना शर्त सेवा प्रदान गर्नुपर्नेछ अन्य शर्त तोकिएबमोजिम हुनेछ।
४. सम्बन्धित क्षेत्रमा काम गरेको अनुभव सम्बन्धि कागजात हुनपर्ने।
५. उल्लेखित कार्यको एकिकृत रुपमा काम गर्ने मञ्जुर भएको हुनुपर्ने।
६. यस परामर्श सेवाको अधिकतम एकमुष्ट बार्षिक सेवा शुल्क रु. १,२०,०००।—(मू.अ.कर सहित) हुनेछ ।
७. रीत नपुगी र म्याद नाघि आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन।प्राप्त दरखास्तहरु स्विकृत गर्ने नगर्ने अधिकार प्रतिष्ठानमा सुरक्षित रहने छ ।
८. सेवा प्रदान गर्ने कामको विवरण प्रतिष्ठानमा आई स्थलगत अवलोकन गरी बुझ्न सकिने छ ।
९. प्रस्ताव फाराम लिन प्रतिष्ठानमा निवेदनका साथ उपस्थित हुनुपर्ने छ ।